| अनुसुचि क | | |
|---|---|---|
| सि.नं. | योजनाहरुको नाम | जम्मा |
| | **प्रोजेक्ट म्याट्रिक्स फण्ड (आन्तरीक आय,नगरपालिका अनुदान रजिष्ट्रशन तथा राजश्व बाँडफाँड समेत )** | २१८४३०८००।०० |
| १ | भवन निर्माण | ०।०० |
| २ | सामाजिक सुरक्षा अनुदान | १०००००००।०० |
| ३ | न.पा.मा आवश्यक फर्निचर, मेशिनरी औजार तथा सवारी साधन तर्फ | १५००००००।०० |
| ४ | शासकिय क्षमता विकास कार्यक्रम ( LGDCP ) | ५००००००।०० |
| ५ | चालु खर्च तर्फ | २०१११८००।०० |
| ६ | सडक बोर्ड तर्फको कार्यक्रम | ६००००००।०० |
| ७ | स्थानीय विकास शुल्क तर्फको कार्यक्रम | २००००००।०० |
| | **जम्मा बाँकी रु.** | ६५८१९०००।०० |
| | | |
| | क . समपुरक कोष तर्फ | ८००००००।०० |
| | ख. मर्मत संम्भार कोष रु. | ५००००००।०० |
| | ग. लागत सहभागिता कार्यक्रम | ७५००००।०० |
| | घ. कुल कार्यक्रम बजेट रु. | ४५३१९०००।०० |
| | **ख. कुल कार्यक्रम बजेट रु.** | **४५३१९०००।००** |

| सि.नं. | योजनाहरुको नाम | वडा | बिनियोजित रकम रु |
|---|---|---|---|
| **१** | **लक्षित समुह विकास कार्यक्रम** | | |
| **१.१** | **बिपन्न बर्गका महिला लक्षित कार्यक्रमहरु** | | बिनियोजित रकम रु |
| १.१.१ | महिला क्षमता विकास कार्यक्रम वडा.नं.१ भर | नीलकण्ठ-१ | ४५०००।०० |
| १.१.२ | ढाका वुनाई कार्यक्रम (सिम्ले खरबारी) | नीलकण्ठ-१ | १०००००।०० |
| १.१.३ | बाख्रा पालन (वडा नं. साविक ८ र ९ का २४ जना | नीलकण्ठ-१ | २०००००।०० |
| १.१.४ | चिसापानी पारिगाउ र नागस्वारा खा.पा | नीलकण्ठ-१ | २०००००।०० |
| १.१.५ | उन्नत वोका खरिद १५ वटा वडाभर बाख्रा पालन,अर्गानिक तरकारी सम्बन्धि कार्यक्रम २ ठाउमा | नीलकण्ठ-२ | ३४५०००।०० |
| १.१.६ | भुवाडल वनाउने तालिम(सिरानबजार र इजारमा) | नीलकण्ठ-३ | १७२०००।०० |
| १.१.७ | सेनेटरी प्याड वनाउने तालिम (विचबजार र पुछारबजारमा) | नीलकण्ठ-३ | १७२०००।०० |
| १.१.८ | क्षमता विकास कार्यक्रम वडा भर | नीलकण्ठ-४ | ४५०००।०० |
| १.१.९ | रिजालथोक बाख्रा पालन | नीलकण्ठ-४ | १०००००।०० |
| १.१.१० | जागरण आमा समूह बाख्रा पालन | नीलकण्ठ-४ | १०००००।०० |
| १.१.११ | पारीगाउ सा.भ | नीलकण्ठ-४ | १०००००।०० |
| १.१.१२ | महिला स्वास्थ्या शिविर | नीलकण्ठ-५ | १४५०००।०० |
| १.१.१३ | मैदान नागरिक सचेतना केन्द्र भवन निर्माण | नीलकण्ठ-५ | १०००००।०० |
| १.१.१४ | कृषि तालिम (तरकारी खेती) | नीलकण्ठ-५ | १०००००।०० |
| १.१.१५ | नवलपुर अन्नपूर्ण आमा समूह भवन निर्माण | नीलकण्ठ-६ | २४५०००।०० |
| १.१.१६ | कृषि बिमा तथा बाख्रा पालन महिला समूह तालिम कार्यक्रम | नीलकण्ठ-६ | १०००००।०० |
| १.१.१७ | सुनकन्या आधारभुत विद्यालय घेराबार | नीलकण्ठ-७ | २०००००।०० |
| १.१.१८ | साविक वडा नं. ८ का २० महिलालाई मुडा बुन्ने तालिम व्यवस्थापन | नीलकण्ठ-७ | १४५०००।०० |
| १.१.१९ | अमरावती तल्लो कुमालगाऊ महिला सामुदायिक भवन फर्निचर व्यवस्थापन | नीलकण्ठ-८ | १०००००।०० |
| १.१.२० | देउराली जागरण आमा समूह भवन मर्मत | नीलकण्ठ-८ | १०००००।०० |
| १.१.२१ | जलदेवी देउराली शिवर्शंकर सामुदायिक भवन मर्मण | नीलकण्ठ-८ | १४५०००।०० |
| १.१.२२ | प्रसन्न आमा समूह भवन मर्मत तथा फर्निचर निर्माण | नीलकण्ठ-९ | १३००००।०० |
| १.१.२३ | उज्वल आमा समूह भवन मर्मत तथा फर्निचर्र | नीलकण्ठ-९ | १०००००।०० |

| सि.नं. | योजनाहरुको नाम | जम्मा | |
|---|---|---|---|
| १.१.२४ | ज्योती आमा समूहको भवन मर्मत तथा फर्निचर खरिद | नीलकण्ठ-९ | ११५०००।०० |
| १.१.२५ | झगारे महिला सामुदायिक भवन निर्माण | नीलकण्ठ-१० | १०००००।०० |
| १.१.२६ | हटिया महिला सामुदायिक भवन निर्माण | नीलकण्ठ-१० | १३००००।०० |
| १.१.२७ | काफलपानी महिला सामुदायिक भवन निर्माण | नीलकण्ठ-१० | ११५०००।०० |
| १.१.२८ | रानीवन खानेपानी मर्मत | नीलकण्ठ-११ | १०००००।०० |
| १.१.२९ | सेउली,वोसीखर्क खानेपानी मर्मत | नीलकण्ठ-११ | १२००००।०० |
| १.१.३० | रक्सी खोला,भदुवार तल्लो कोटडाडा खानेपानी मर्मत | नीलकण्ठ-११ | १२५०००।०० |
| १.१.३१ | महिला ड्राइभिङ तालिम | नीलकण्ठ-१२ | १२०,०००।०० |
| १.१.३२ | विभिन्न खानेपानी मुल संरक्षण सार्किधारा तातोपानी इन्टेक जमुने चौर इन्टेक, कुडुले खानेपानी, घैलेधरा, कुमालगाउ, बासटारी कुवा | नीलकण्ठ-१२ | २२५०००।०० |
| १.१.३३ | वि.पी गाऊ मधुवन महिला समूह वुनाई र टपरी बुन्ने तालिम मेसिनद्धवरा | नीलकण्ठ-१३ | ३४५०००।०० |
| | महिला लक्षित तर्फको जम्मा रू. | | ४६८४०००।०० |
| **१.२** | **बालबालिका लक्षित कार्यक्रमहरु** | | |
| १.२.१ | लामागुरू म.वि.पूर्वाधार | नीलकण्ठ-१ | १०००००।०० |
| १.२.२ | जलदेवी आ.वि.कम्प्युटर खरिद | नीलकण्ठ-१ | १०००००।०० |
| १.२.३ | कालीका आ.वि.घेरावार | नीलकण्ठ-१ | १०००००।०० |
| १.२.४ | वडा.नं.१ का वालवालिका क्षमता विकास कार्यक्रम | नीलकण्ठ-१ | ४५०००।०० |
| १.२.५ | सोह्रघर आ.वि खा.पा | नीलकण्ठ-२ | १०००००।०० |
| १.२.६ | सिरदेवी आ.वि.फर्निचर | नीलकण्ठ-२ | १०००००।०० |
| १.२.७ | अन्नपूर्ण आ.वि कम्प्युटर | नीलकण्ठ-२ | १०००००।०० |
| १.२.८ | बालबालिका क्षमता विकास कार्यक्रम (वडा सवै) | नीलकण्ठ-२ | ४५०००।०० |
| १.२.९ | CFLG विषयमा सचेतना कार्यक्रम | नीलकण्ठ-३ | ४५०००।०० |
| १.२.१० | वालमन्दिर मा.वि. खेलकुद सामग्री वितरण | नीलकण्ठ-३ | १५००००।०० |
| १.२.११ | गरिब जेहेन्दार टुहुरा र दलित बालबालिकाका लागि शैक्षिक सामाग्री वितरण | नीलकण्ठ-३ | १५००००।०० |
| १.२.१२ | सचेतना कार्यक्रम वडा.नं.४ | नीलकण्ठ-४ | ४५०००।०० |
| १.२.१३ | सुन्दरादेवी आधारभूत विद्यालय घेरावार | नीलकण्ठ-४ | १०००००।०० |
| १.२.१४ | खानीगाउ आ.वि. घेरावार | नीलकण्ठ-४ | १०००००।०० |
| १.२.१५ | मंगलादेवि आधारभुत विद्यालय घेराबार | नीलकण्ठ-४ | १०००००।०० |
| १.२.१६ | बाल अधिकार सुनिश्चितको लागि जनचेतना अभिवृद्धि | नीलकण्ठ-५ | १०००००।०० |
| १.२.१७ | खेलमैदान विस्तार कार्यक्रम | नीलकण्ठ-५ | १४५०००।०० |
| १.२.१८ | स्टेशनरी वितरण कार्यक्रम | नीलकण्ठ-५ | १०००००।०० |
| १.२.१९ | नवलपुर खेलमैदान विस्तार कार्यक्रम | नीलकण्ठ-६ | १४५०००।०० |
| १.२.२० | बालबालिको नेतृत्वमा विकास तथा व्यक्तित्व विकास कार्यक्रम | नीलकण्ठ-६ | १०००००।०० |
| १.२.२१ | बालमैत्री फर्निचर निर्माण | नीलकण्ठ-६ | १०००००।०० |
| १.२.२२ | जलकन्य आ वि मा बालमैत्री खानेपानी ट्यांकी | नीलकण्ठ-७ | २०००००।०० |
| १.२.२३ | रक्तकाली आ वि. र कालिका आ. वि. मा बाल विकास कार्यक्रम व्यवस्थापन | नीलकण्ठ-७ | १४५०००।०० |
| १.२.२४ | गायत्रीदेवी आधारभुत विद्यालय बाल खेल मैदान मर्मत | नीलकण्ठ-८ | ११५०००।०० |
| १.२.२५ | रत्नदेवी आधारभुत विद्यालयमा तार घेराबार व्यवस्थापन | नीलकण्ठ-८ | ११५०००।०० |
| १.२.२६ | कंकाली आधारभुत विद्यालयको बालमैत्रीक फर्निचर निर्माण | नीलकण्ठ-८ | ११५०००।०० |
| १.२.२७ | पाल्पा सामरी मा.वि. मा बालमैत्री खेल मैदान निर्माण र पुर्वाधार विकास | नीलकण्ठ-९ | ५४५०००।०० |
| १.२.२८ | चण्डेश्वरी उ.मा.वि खानेपानी मर्मत (प्रा.वि सग समन्वय गरेर) | नीलकण्ठ-१० | ३४५०००।०० |
| १.२.२९ | मनरूपी मा.वि.खेल मैदान | नीलकण्ठ-११ | १४५०००।०० |
| १.२.३० | रनदेवी प्रा.वि.खेल मैदान | नीलकण्ठ-११ | १०००००।०० |

| सि.नं. | योजनाहरुको नाम | जम्मा | |
|---|---|---|---|
| १.२.३१ | साङकोष सामुदायिक अध्ययन केन्द्र पुस्तकालय व्यवस्थापन | नीलकण्ठ-११ | १०००००।०० |
| १.२.३२ | सांकोष खेल मैदान निर्माण (बालमैत्री) | नीलकण्ठ-१२ | १०००००।०० |
| १.२.३३ | पशुपति मा.वि. स्वल मैदान निर्माण (बालमैत्री ) | नीलकण्ठ-१२ | १०००००।०० |
| १.२.३४ | पण्डित चौर आधारभुत खेल मैदान | नीलकण्ठ-१२ | १०००००।०० |
| १.२.३५ | रूद्रकन्या आ.वि. र नवदुर्गा आ.वि. छात्राबृत्ति वितरण (वडा बाल संरक्षण समिति) | नीलकण्ठ-१२ | ४५०००।०० |
| १.२.३६ | वडा.नं.१३ को विद्यालयका छात्रा,छात्रलाई शैक्षिक सामग्री खरिद तथा वितरण | नीलकण्ठ-१३ | ३४५०००।०० |
| | बालबालिका लक्षित तर्फको जम्मा रू. | | ४६८५०००।०० |
| **१.३** | **आदीबासी जनजाति, दलित, जेष्ठ नागरीक, अपाङग, मुस्लीम, मधेशी र पिछडा बर्ग लक्षित कार्यक्रमहरु** | | |
| १.३.१ | वडा नं. १ (सवै) कृषि कार्यक्रम | नीलकण्ठ-१ | २०००००।०० |
| १.३.२ | लामागुरू मा.वि. पुर्वाधार निर्माण | नीलकण्ठ-१ | २०००००।०० |
| १.३.३ | गुरूङजाती भाषा संरक्षण कार्यक्रम (वडानं.१ सवै) | नीलकण्ठ-१ | १०००००।०० |
| १.३.४ | जुरेथुम होम स्टेको लागि | नीलकण्ठ-१ | १०००००।०० |
| १.३.५ | आदिवासी,जनजाती क्षमता विकास | नीलकण्ठ-२ | ५००००।०० |
| १.३.६ | दलित वस्ती क्षमता विकास कार्यक्रम | नीलकण्ठ-२ | ५००००।०० |
| १.३.७ | जेष्ठनागरिक सम्मान कार्यक्रम | नीलकण्ठ-२ | ५००००।०० |
| १.३.८ | अपाङग क्षमता विकास कार्यक्रम | नीलकण्ठ-२ | ५००००।०० |
| १.३.९ | बसाह मरनघाट सडक | नीलकण्ठ-२ | १०००००।०० |
| १.३.१० | ठाटीखोला वाट नेपाली टोल वि.क गाउ रानाटोल सडक | नीलकण्ठ-२ | १०००००।०० |
| १.३.११ | केरावारी खेलमैदान निर्माण | नीलकण्ठ-२ | १०००००।०० |
| १.३.१२ | सिलाई कटाई तालिम (जनजाति) | नीलकण्ठ-३ | १०००००।०० |
| १.३.१३ | सिलाई कटाई तालिम (दलित) | नीलकण्ठ-३ | १०००००।०० |
| १.३.१४ | किरियापुत्रि भवन निर्माण सठिया बाध (जेष्ठनागरिक) | नीलकण्ठ-३ | १०००००।०० |
| १.३.१५ | अपाङग वालवालिकालाई ड्रेस र खाद्यन्न वितरण (अपांग) | नीलकण्ठ-३ | १०००००।०० |
| १.३.१६ | मदरसा भवन मर्मत सम्भार (मुस्लिम) | नीलकण्ठ-३ | १०००००।०० |
| १.३.१७ | अधिकारीडाडा सामुदायिक भवन | नीलकण्ठ-४ | २०००००।०० |
| १.३.१८ | दलित वस्ती (गैरीगाउ) सौचालय निर्माण | नीलकण्ठ-४ | १०००००।०० |
| १.३.१९ | जेष्ठ (सम्मान), अपाङग (क्षमता विकास कार्यक्रम) | नीलकण्ठ-४ | १०००००।०० |
| १.३.२० | मरणघाट निर्माण जलधारे | नीलकण्ठ-४ | १०००००।०० |
| १.३.२१ | शहरी स्वास्थ्य क्लिनिक | नीलकण्ठ-५ | १२५०००।०० |
| १.३.२२ | जलकन्य सिंचाई योजना | नीलकण्ठ-५ | १२५०००।०० |
| १.३.२३ | रघुनाथ -सडक | नीलकण्ठ-५ | १२५०००।०० |
| १.३.२४ | परियारटोल-रातामाटे-आगेखोला सडक | नीलकण्ठ-५ | १२५०००।०० |
| १.३.२५ | सुबौराखोला-ढलेवर-बिरौटाखेत सिंचाई | नीलकण्ठ-६ | १०००००।०० |
| १.३.२६ | सुकौरा खोला-कुसुण्डे सिंचाई आयोजना | नीलकण्ठ-६ | १५००००।०० |
| १.३.२७ | सरस्वती मन्दिर -मान्केडाडा सडक | नीलकण्ठ-६ | १०००००।०० |
| १.३.२८ | दलित सामुदायिक भवन | नीलकण्ठ-६ | १५००००।०० |
| १.३.२९ | ढलेबर देउराली चौतारा देउराली डाडा सडक ट्याक | नीलकण्ठ-७ | १०००००।०० |
| १.३.३० | सुनौलो भैरवी मा.वि. मा तारबार निर्माण | नीलकण्ठ-७ | १०००००।०० |
| १.३.३१ | बराचौर टारी पाग्रेभ्याल हुदैं ठोटी मन्दिर सडक निर्माण | नीलकण्ठ-७ | १०००००।०० |
| १.३.३२ | गोर्खाली गाउ भवन निर्माण (महिला भवन) | नीलकण्ठ-७ | १०००००।०० |
| १.३.३३ | कर्णेश्वर मा.वि. मा शौचालय मर्मत | नीलकण्ठ-७ | १०००००।०० |
| १.३.३४ | जनजाती सूचना केन्द्र स्थापना | नीलकण्ठ-८ | १०००००।०० |
| १.३.३५ | जेष्ठ नागरिकहरूलाई मनोविमर्श सेवाको लागि | नीलकण्ठ-८ | १०००००।०० |

| सि.नं. | योजनाहरुको नाम | जम्मा | |
|---|---|---|---|
| १.३.३६ | अपाङ्गता भएका व्यक्तिहरूका लागि सामग्री खरिद रामकोट देउराली पशु तथा कृषक अपाङग समूह | नीलकण्ठ-८ | १०००००।०० |
| १.३.३७ | दलितहरूलाई सुधारिएको आरन सहयोग कार्यक्रम | नीलकण्ठ-८ | १०००००।०० |
| १.३.३८ | कुमालगाऊ सामुदायिक भवन मर्मत तथा व्यवस्थापन | नीलकण्ठ-८ | १०००००।०० |
| १.३.३९ | मु.भ तामाङगाऊ मगर गाऊ मण्डली वाहुन डाडा सडक मर्मत | नीलकण्ठ-८ | २०००००।०० |
| १.३.४० | अपाङगहरूका लागि विउ बाख्रा सहित १५ जनालाई तालिम | नीलकण्ठ-९ | १०००००।०० |
| १.३.४१ | जनजाति भवन मर्मत तथा फर्निचर खरिद | नीलकण्ठ-९ | १०००००।०० |
| १.३.४२ | मु.भ ४ का गरिबीका रेखामुनि रहेका विपन्न २० जना दलितहरूलाई बाख्रा वितरण | नीलकण्ठ-९ | १०००००।०० |
| १.३.४३ | मु.भ अलैचे हुदै पुतली चौतारो कृषि सडक | नीलकण्ठ-९ | २०००००।०० |
| १.३.४४ | आदिवासी जनजातीहरूका भाषा संस्कृति संरक्षण सम्बन्धि सचेतना मुलक कार्यक्रम | नीलकण्ठ-१० | १०००००।०० |
| १.३.४५ | आरानडाडा सामुदायिक भवन निर्माण | नीलकण्ठ-१० | २०००००।०० |
| १.३.४६ | कोटथोक महिला सामुदायिक भवन निर्माण | नीलकण्ठ-१० | १०००००।०० |
| १.३.४७ | दुवाडीगाउ खानेपानी ट्याङकी निर्माण | नीलकण्ठ-१० | १०००००।०० |
| १.३.४८ | माने मर्मत | नीलकण्ठ-११ | १०००००।०० |
| १.३.४९ | रेमिश्वारा,घलेश्वरा खा.पा.मर्मत | नीलकण्ठ-११ | १०००००।०० |
| १.३.५० | तैकम,मउरीकोऱ्याङ खा.पा मर्मत | नीलकण्ठ-११ | १०००००।०० |
| १.३.५१ | मदल्याङ,देउराली सडक निर्माण | नीलकण्ठ-११ | १०००००।०० |
| १.३.५२ | नामरूङ,वरडाडा,किराखोर,आलेखेत सडक निर्माण तथा मर्मत | नीलकण्ठ-११ | १०००००।०० |
| १.३.५३ | कुमाल गाउ देवीथान | नीलकण्ठ-१२ | १५००००।०० |
| १.३.५४ | भदुवार गाउ धोन्द्रे गल्ली पानी ट्यांकी, सिमली चौतारो बाहुन गाउ सडक | नीलकण्ठ-१२ | १५००००।०० |
| १.३.५५ | भट्ट मोड साउने पानी ढापे सडक | नीलकण्ठ-१२ | १०००००।०० |
| १.३.५६ | आदीवासी जनजाति दलित क्षमता विकास तालिम | नीलकण्ठ-१२ | १०००००।०० |
| १.३.५७ | खेल मैदान निर्माण मधुवन | नीलकण्ठ-१३ | २५००००।०० |
| १.३.५८ | कालीका फेलेले सडक मर्मत | नीलकण्ठ-१३ | १०००००।०० |
| १.३.५९ | नेवारधारा नया ट्याङकी निर्माण | नीलकण्ठ-१३ | १५००००।०० |
| दलित, आदीबासी जनजाति, जेष्ठ नागरीक, अपाङग, मुस्लीम, मधेशी र पिछडा बर्ग लक्षित तर्फको जम्मा रू. | | | ६८०००००।०० |
| २ | अन्य विकास कार्यक्रम | | |
| **२.१** | **६० प्रतिशत पुर्वाधार विकास कार्यक्रमहरु** | | |
| २.१.१ | तल्लो भन्ज्याङ वस्ती हुदै जुगेधारा सम्म घट्टेडाडा देखि सिउडीवार आदामारा सिम्ले खरवारी सडक | नीलकण्ठ-१ | १२०००००।०० |
| २.१.२ | जुरेथुम रिङरोड | नीलकण्ठ-१ | ३००००००।०० |
| २.१.३ | माथिल्लो ढोडेनी खेलमैदान | नीलकण्ठ-२ | ५०००००।०० |
| २.१.४ | घुम्ती देखि थोपल खोला सडक | नीलकण्ठ-२ | ५०००००।०० |
| २.१.५ | ओलीडाडा तिनघरे अन्नपूर्ण निबुवाडाडा काफ्ले सडक | नीलकण्ठ-२ | ५०००००।०० |
| २.१.६ | खा.पा.शान्तीटार (चिसापानी मुहान) | नीलकण्ठ-३ | ५०००००।०० |
| २.१.७ | इजारा आ.व.घेरावार | नीलकण्ठ-३ | ५०००००।०० |
| २.१.८ | क्रियापुत्रि भवन पुछार बजार | नीलकण्ठ-३ | ५०००००।०० |
| २.१.९ | श्री गैरीगाउ मा.वि | नीलकण्ठ-४ | १००००००।०० |
| २.१.१० | वागेढुङगा पौवा रिजालथोक सडक ग्रावेल | नीलकण्ठ-४ | ५०००००।०० |
| २.१.११ | विद्युतीकरण विस्तार कार्यक्रम | नीलकण्ठ-५ | ५०००००।०० |
| २.१.१२ | देउराली-एक्लेश्वरा मैदान सडक | नीलकण्ठ-५ | ५०००००।०० |
| २.१.१३ | जल्केनी लेकाली दलित बस्ती हुदै देउराली भञ्ज्याङ सडक | नीलकण्ठ-५ | ५०००००।०० |

| सि.नं. | योजनाहरुको नाम | जम्मा | |
|---|---|---|---|
| २.१.१४ | भैरवी पिकिनिक स्पोट | नीलकण्ठ-६ | ३५००००\|०० |
| २.१.१५ | सुनौलाबजार- नवलपुर वनसुखण्डे सडक | नीलकण्ठ-६ | ३५००००\|०० |
| २.१.१६ | काफलछाप-भैरवी मन्दिर सडक मर्मत | नीलकण्ठ-६ | ३५००००\|०० |
| २.१.१७ | स्वास्थ्या चौकि एमबुलेन्स संचालन | नीलकण्ठ-६ | ४५००००\|०० |
| २.१.१८ | साउनेपानी सुकौरा सडक मर्मत | नीलकण्ठ-७ | ५०००००\|०० |
| २.१.१९ | आडारे बान्डोडा बराचौर सडक मर्मत | नीलकण्ठ-७ | ५०००००\|०० |
| २.१.२० | हाडी खोला डाडा गाउ भैरवी मन्दिर सडक मर्मत | नीलकण्ठ-७ | ५०००००\|०० |
| २.१.२१ | ससाह ज्यामरे खा.पा. ट्यांकी निर्माण तथा व्यवस्थापन | नीलकण्ठ-८ | ५०००००\|०० |
| २.१.२२ | मु.भ. बृहत खा.पा. ट्यांकी निर्माण तथा व्यवस्थापन | नीलकण्ठ-८ | ५०००००\|०० |
| २.१.२३ | हनुमान मन्दिर पहेलटारी बगैचा मसाटार धनटारी सडक | नीलकण्ठ-८ | ५०००००\|०० |
| २.१.२४ | अम्बोटे खा.पा.लिफ्ट ट्याङकी निर्माण | नीलकण्ठ-९ | ५०००००\|०० |
| २.१.२५ | जुरे ढुङगा सातदोवाटो पिपलगेट तल्लो भालुवन सडक | नीलकण्ठ-९ | ५०००००\|०० |
| २.१.२६ | धौखोला दावे वुढिचौर सिंचाई योजना | नीलकण्ठ-९ | ५०००००\|०० |
| २.१.२७ | आरानडाडा अक्करे आदामारा स्यालडाडा गठुहाछाप सडक निर्माण | नीलकण्ठ-१० | ५०००००\|०० |
| २.१.२८ | ज्यामिरे झगरे कुवरगाउ दुइघरे सडक निर्माण | नीलकण्ठ-१० | ५०००००\|०० |
| २.१.२९ | ठाटी भन्ज्याङ चिसोपानी गोलाभन्ज्याङ सडक निर्माण | नीलकण्ठ-१० | ५०००००\|०० |
| २.१.३० | छाप,पैरेनी,भस्मे सडक निर्माण | नीलकण्ठ-११ | ५०००००\|०० |
| २.१.३१ | मानेडाडा,उचेत,लाखोला,वेलगैरा,खुसानी खर्क,साधिखोला सडक नि.म. | नीलकण्ठ-११ | ५०००००\|०० |
| २.१.३२ | वानेश्वरा,कुवापानी,तामाङगाउ,आपचौर,किराखोर खा.पा निर्माण तथा मर्मत | नीलकण्ठ-११ | ५०००००\|०० |
| २.१.३३ | पुरानो डि जंगले कुमालधारा पण्डित चौर-रिजाल डाडा देउराली सडक मर्मत | नीलकण्ठ-१२ | ४०००००\|०० |
| २.१.३४ | रिजाल डाडा टिकेश्वारा पचघरे थापाको भञ्ज्याङ जमुने चौर पिडाली गाउ रिमाल्नी धारा सडक मर्मत | नीलकण्ठ-१२ | ५०००००\|०० |
| २.१.३५ | घिमिरे जंगार डुडेदोभान देउराली खर्क मोहनधारा मर्मत | नीलकण्ठ-१२ | ५०००००\|०० |
| २.१.३६ | लाटि चौतारा देखि आउती खोला सडक मर्मत | नीलकण्ठ-१३ | ५०००००\|०० |
| २.१.३७ | देउराली लाहुरेगाऊ,घट्टे ढुङगा सडक निर्माण | नीलकण्ठ-१३ | ५०००००\|०० |
| २.१.३८ | देउराली लोर्के पहरा टोड्के सडक निर्माण | नीलकण्ठ-१३ | ५०००००\|०० |
| २.१.३९ | नगर भित्रका स्वास्थ्य संस्थाहरूलाई मागका अधारमा कार्यक्रम सहयोग( समपुरककोषबाट | नगरस्तरीय | ८०००००\|०० |
| | ६० प्रतिशत पुर्वाधार तर्फको जम्मा रू. | | २०२००००००\|०० |
| **२.२** | **४० प्रतिशत पुर्वाधारजन्य र प्रवर्धनात्मक कार्यक्रमहरु** | | |
| २.२.१ | चिलाउने भन्ज्याङ काफ्ले सडक | नीलकण्ठ-१ | १०००००\|०० |
| २.२.२ | खर्क डाडा वेशी सिम्ले सडक | नीलकण्ठ-१ | २०००००\|०० |
| २.२.३ | तिनघरे सिउडीवार सडक | नीलकण्ठ-१ | १०००००\|०० |
| २.२.४ | तिनघरे सिम्ले खरबारी सडक | नीलकण्ठ-१ | १५००००\|०० |
| २.२.५ | महिला कृषि सहकारी भवन निर्माण | नीलकण्ठ-२ | ४०००००\|०० |
| २.२.६ | रातामाटे चैनपूर खर्क सडक | नीलकण्ठ-२ | २०००००\|०० |
| २.२.७ | रूद्रकन्या मन्दिर देखि माफगाउ साउने खोल्सा | नीलकण्ठ-३ | ३०००००\|०० |
| २.२.८ | शान्तबजार ड्रेन निर्माण (गणेशमार्ग) | नीलकण्ठ-३ | २०००००\|०० |
| २.२.९ | नारायणथान मन्दिर पहरेचौतारा (कम्पाउण्ड निर्माण) | नीलकण्ठ-३ | २०००००\|०० |
| २.२.१० | खानीगाउ सामुदायिक भवन निर्माण | नीलकण्ठ-४ | २०००००\|०० |
| २.२.११ | कृषि सहकारी स्टल कृषक जागरण सहकारी संस्था वेसारे | नीलकण्ठ-४ | २०००००\|०० |
| २.२.१२ | वागेढुङगा गैरी गाऊ विमिरे रिजालथोक सडक | नीलकण्ठ-४ | २०००००\|०० |

| सि.नं. | योजनाहरुको नाम | जम्मा | |
|---|---|---|---|
| | | नीलकण्ठ-४ | २०००००।०० |
| २.२.१३ | पुर्व प्रहरी भवनबाट प्लटीङ जाने बाटो टेवा पर्खाल | नीलकण्ठ-५ | २०००००।०० |
| २.२.१४ | भैरवी खानेपानी मेसिन मर्मत | नीलकण्ठ-५ | २०००००।०० |
| २.२.१५ | खड्करे-आगेटारी सडक | नीलकण्ठ-५ | २०००००।०० |
| २.२.१६ | रघु आधारभुत तारवार घेरबार | नीलकण्ठ-६ | २०००००।०० |
| २.२.१७ | पञ्चकन्या सामुदायिक भवन | नीलकण्ठ-६ | २०००००।०० |
| २.२.१८ | भैरवी खानेपानी मर्मत | नीलकण्ठ-६ | २०००००।०० |
| २.२.१९ | ईलाका प्रहरी कार्यालय प्रतिक्षालय निर्माण | नीलकण्ठ-७ | २०००००।०० |
| २.२.२० | तारूखर्क खोनेपानी टयांकी निर्माण | नीलकण्ठ-७ | २०००००।०० |
| २.२.२१ | सुनकन्य आधारभुत विद्यालयमा खोनपानी निर्माण | नीलकण्ठ-७ | २०००००।०० |
| २.२.२२ | कटहरे महादेव मन्दिर मर्मत रू १००००० र उज्यालो बुहुउद्देश्यीय सहकारी डेरी व्यवस्थापन १०००००।- | नीलकण्ठ-८ | २०००००।०० |
| २.२.२३ | गैडापाईला ससाहडाडा मेवावारी सडक स्तरोन्नती | नीलकण्ठ-८ | २०००००।०० |
| २.२.२४ | कालिका आधारभुत विद्यालयमा कम्प्युटर खरिद | नीलकण्ठ-९ | २०००००।०० |
| २.२.२५ | हनुमान मन्दिर स्याउली सडकको वच्चरे खोला कजवे निर्माण | नीलकण्ठ-९ | २०००००।०० |
| २.२.२६ | काउली घुम्ती सौवोटे पाल्पा भञ्ज्याङ सडक मर्मत | नीलकण्ठ-९ | १५०००००।०० |
| २.२.२७ | सिमपानी पोखरी डाडा खानेपानी ट्यांकी निर्माण | नीलकण्ठ-१० | २०००००।०० |
| २.२.२८ | सारीखोला खा.पा ट्याङकी निर्माण | नीलकण्ठ-१० | २०००००।०० |
| २.२.२९ | वुमरी देउराली प्रा.वि सडक निर्माण | नीलकण्ठ-१० | २०००००।०० |
| २.२.३० | काफलपानी छाप तल्लो धारा खा.पा.ट्याङकी निर्माण | नीलकण्ठ-११ | २०००००।०० |
| २.२.३१ | खुर्पाखोला खानेपानी मर्मत | नीलकण्ठ-११ | २५०००००।०० |
| २.२.३२ | जलदेवी मन्दिर,रामडाडा,पहिरो सडक निर्माण | नीलकण्ठ-११ | १५०००००।०० |
| २.२.३३ | चिसापानी करम खोला सडक मर्मत | नीलकण्ठ-१२ | २०००००।०० |
| २.२.३४ | समिमुढ विसौना मदले पुरानो डि सडक | नीलकण्ठ-१२ | २०००००।०० |
| २.२.३५ | चिलाउने चौतारा भट्टगाउ दामगाडे माथिल्लो मोड | नीलकण्ठ-१२ | २०००००।०० |
| २.२.३६ | आगे ढापे चिउरी डाडा नचने सडक | नीलकण्ठ-१२ | २०००००।०० |
| २.२.३७ | पशुपति डाडा पुल बगैचा घैले सडक | नीलकण्ठ-१३ | ६०००००।०० |
| २.२.३८ | जुगेपानी पाङग्रभुल,मदनखर्क फट्के खोला फेलेले,माभगाऊ,पञ्चकन्या लाटिचौतारा सडक निर्माण तथा मर्मत | नीलकण्ठ-१३ | ३०००००।०० |
| २.२.३९ | पञ्चकन्या मा.वि. भवन प्लास्टर र भ्याल ढोका | नीलकण्ठ-१३ | २०००००।०० |
| २.२.४० | वि.पी गाउ सामुदायिक विकास केन्द्र पुर्वाधार | नगरस्तरीय | ३०००००।०० |
| २.२.४१ | नीलकण्ठ सामुदायिक अध्ययन केन्द संग साझेदारी कार्यक्रम(समपुरक कोषबाट) | नगरस्तरीय | ३०००००।०० |
| २.२.४२ | वन, बृक्षरोपण तथा वातावरण संरक्षण सम्बन्धी कार्यक्रम | नगरस्तरीय | १५०००००।०० |
| २.२.४३ | विपद् व्यवस्थापन सम्बन्धी विविध कार्यक्रम | नगरस्तरीय | ३०००००।०० |
| २.२.४४ | धादिङ महोत्सव | | ५०००००।०० |
| २.२.४५ | नगरपालिकाको विभिन्न कार्यविधि निर्माण | | १०००००।०० |
| २.२.४६ | उपभोक्ता समिति अभिमुखिकरण गोष्ठी | | १५०००००।०० |
| २.२.४७ | कर्मचारी तालिम (नेतृत्व विकास, उद्घोषण सम्बन्धी तालिम) | | २०००००।०० |
| २.२.४८ | विभिन्न जनचेतनामूलक सुचना तथा लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रशारण | | १०००००।०० |
| २.२.४९ | योजना तर्जुमा तथा वडा भेला कार्यक्रम | | २०००००।०० |
| २.२.५० | राजश्व अभिबृद्धि तथा करदाता शिक्षा साझेदारी कार्यक्रम (धादिङ उद्योग बाणिज्य संघ) | | |

| सि.नं. | योजनाहरुको नाम | जम्मा | |
|---|---|---|---|
| २.२.५१ | खुल्ला दिसा मुक्त क्षेत्र घोषणा कार्यक्रम(शौचालय निर्माणका लागि प्यान, जस्ता विवरण (लागत सहभागिताबाट) | | १००००००।०० |
| २.२.५२ | फोहोर मैला व्यवस्थापन अन्तरगत (टिप्पर संचालन) (मर्मत संभारबाट) | | १८००००००।०० |
| २.२.५३ | दमकल संचालन (मैपरी व्यवस्थापन) | | ५०००००।०० |
| २.२.५४ | कलेजहरू संगको साझेदारीमा एकिकृत सम्पतिकर लगत संकलन कार्यक्रम | | ५०००००।०० |
| २.२.५५ | न.पा.ले साझेदारीमा कार्यक्रम गर्ने (लागत साझेदारीबाट) | | ५०००००।०० |
| २.२.५६ | आवधिक नगर विकास गुरूयोजनाको आधारपत्र | | १००००००।०० |
| २.२.५७ | सामाजिक सुरक्षा तथा पञ्जिकरण ब्यवस्थापन कार्यक्रम | | १०००००।०० |
| २.२.५८ | नगर भित्रका टोल सुधार संस्थालाई सामाग्री वितरण तथा अनुदान (लागत सहभागिताबाट) | | ५०००००।०० |
| ४० प्रतिशत पुर्वाधारजन्य र प्रवर्धनात्मक तर्फको जम्मा रू. | | | १६७०००००।०० |

नीलकण्ठ नगरपालिकाका कार्यकारी अधिकृत श्री देवराज चौलागाई द्वारा प्रस्तुत चौथो नगरपरिषद्बाट स्वीकृत आ.व.२०७४ /०७५ को बार्षिक बजेट, नीति तथा कार्यक्रम

" व न, पर्यटन, उद्योग, कृषि र आर्थिक पूर्वाधार
समृद्धि र विकास नीलकण्ठ नगरपालिकाको आधार "

यस कार्यक्रमका प्रमुख अतिथि ज्यू,
विशिष्ठ अतिथि माननीय सांसद ज्यूहरु,
पूर्व माननिय सभासद ज्यूहरु,
श्रीमान् प्रमुख जिल्ला अधिकारी ज्यू,
श्रीमान स्थानीय विकास अधिकारी ज्यू,
जिल्ला स्थित राजनितिक दलका प्रमुख एवं प्रतिनिधी ज्यूहरु,
कार्यालय प्रमुख एवं कर्मचारीज्यूहरु,
सुरक्षा निकायका प्रमुख एवं प्रतिनिधि ज्यूहरु,
पूर्व जिविस सभापति, उप-सभापति लगायत जिविस सदस्यज्यूहरु,
क्याम्पस प्रमुखज्यूहरु,
नगरपालिकाका संयन्त्रका प्रतिनिधीज्यूहरु,
गाउं विकास समितिका पूर्व अध्यक्ष तथा उपाध्यक्षज्यूहरु,
नगरपालिका पदपुर्ति समितिका अध्यक्ष ज्यू,
गैर सरकारी संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
उद्योग वाणिज्य संघका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
प्राचार्यज्यू तथा प्रधानाध्यापकज्यूहरु,
पत्रकार महा संघको सभापति एवं उपस्थित पत्रकारज्यूहरु,
टोल सुधार महा समिति एवं टोल सुधार समितिका अध्यक्ष ज्यूहरु,
अन्य आमन्त्रित अतिथि एवं यस कार्यक्रममा पाल्नुभएका सम्पूर्ण भद्र महिला तथा सज्जनबृन्द

चौथो नगरपरिषद्को निर्णय सार्वजनिक गर्न आयोजित यस महत्वपूर्ण समारोहमा नीलकण्ठ नगरपालिकाको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन ब्यक्त गर्दछु।

सर्वप्रथमत: देश र जनतालाई स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न बनाउन विभिन्न कालखण्डमा गरिएका ऐतिहासिक संघर्ष तथा आन्दोलनमा शहादत प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

आजको यस समारोहमा नीलकण्ठ नगरपालिका कार्यालयको तर्फबाट आथिक वर्ष २०७४/ ०७५ को वार्षिक नीति, कार्यक्रम एवं बजेट प्रस्तुत गर्न पाउंदा आफूलाई गौरवान्वित महशुस गरेको छु। हाम्रा विकासका प्रयासहरुमा सधैं साथ र सहयोग प्रदान गर्नुहुने नीलकण्ठ नगरपालिकाका संयन्त्रका प्रतिनिधी ज्यू लगायत सम्पूर्ण नगरबासी तथा आदरणीय दाजुभाइ दिदीबहिनीहरु, माननीय सभासदज्यूहरु, पूर्व माननीयज्यूहरु, जिल्ला तथा नगरमा क्रियाशील राजनैतिक दलहरु तथा सरकारी तथा गैर सरकारी कार्यालय एवं संघ-संस्थाहरु प्रति हृदयदेखि नै आभार व्यक्त गर्दछु। स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधी विहीनताको वर्तमान संक्रमणकालीन परिस्थितीमा नगरमा क्रियाशिल राजनीतिक दलहरुको तर्फबाट विकास आयोजनाहरु तर्जुमा, कार्यान्वयन र अनुगमनको सिलसिलामा प्राप्त उच्चस्तरको परामर्श र सहयोग प्रति विशेष आभार प्रकट गर्दै भविष्यमा पनि यस्तै रचनात्मक सहयोग, सल्लाह एवं समन्वय प्राप्त हुने विश्वास समेत लिएको छु।

कठिन भौगोलिक अवस्थिती, न्यून आन्तरिक स्रोत परिचालन क्षमता, नगरपालिका प्रतिको बढ्दो नागरिक अपेक्षा, विकासका न्यूनतम पूर्वाधारहरुको कमी, विनाशकारी महाभुकम्पले सिर्जित भौतिक क्षति तथा मानसीक आघातका बीचबाट माथि उठ्दै उपलब्ध स्रोतसाधनलाई कुशलतापुर्वक परिचालन गर्ने विषय चुनौतीपूर्ण रहदा रहदै

पनि नगरपालिका प्रतिको नगरवासीहरुको सद्भाव, विकास र समृद्धि प्रतिको नगरवासीहरुको उत्कृट चाहानाको परिणामस्वरुप नगरवासीको जीवनस्तरमा गुणात्मक परिवर्तन आउने कुरामा म पूर्ण विश्वस्त छु ।

प्रस्तुत बजेट, नीति तथा कार्यक्रम २०७२ सालमा जारी भएको नेपालको संविधान, स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ , चौधौं त्रिवर्षीय योजना, दिगो विकासका लक्ष्यहरु, राष्टि्य नीतिहरु, नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा जि.वि.स धादिङबाट प्राप्त बजेट सिलिङ्ग तथा मार्गदर्शन एवं योजना तर्जुमाको क्रममा विभिन्न तहबाट प्राप्त हुन आएका सल्लाह, सुझावहरु र सिकाईहरुका आधारमा आगामि आ.व को लागि प्रस्तुत बजेट, नीति तथा कार्यक्रम तयार गरिएको छ । यस बजेट, नीति तथा कार्यक्रमको कार्यान्वयनबाट नगरपालिकाले लक्षित गरेका उद्देश्यहरु हासिल गर्न सघाउ पुग्ने विश्वास समेत लिएको छु ।

आयोजना तर्जुमाका बखत सकेसम्म सवै क्षेत्र, वर्ग, लिङ्ग र समुदायको सहभागिता रहन सकोस् भन्ने तर्फ ध्यान पुऱ्याएका छौं । यद्यपि सीमित श्रोत र साधनहरुवाट हाम्रा असीमित आवश्यकता परिपूर्ति गर्न नसक्ने यथार्थता हाम्रो सामु रहेकोमा उपलब्ध श्रोत साधनको उच्चतम उपयोग गर्ने तर्फ विशेष ध्यान दिइएको छ । यसका लागि स्थानीय आवश्यकतालाई सम्बोधन गर्न स्थानीय जनताको विकासप्रतिको चाहानालाई प्राथमिकता दिन प्राप्त बजेट शिलिङलाई वडा भेलाबाट प्राप्त आयोजना तथा कार्यक्रमलाई हु-बहु कार्यन्वयन गर्ने प्रयासको थालनी गरिएको छ ।

**उपस्थित श्रद्धेय महानुभावहरु**

अब म आगामी आ.व को वजेट तथा कार्यक्रम प्रस्तुत गर्नु अघि संक्षिप्त रुपमा गत आर्थिक वर्षको यथार्थ प्रगति विबरण र चालु आर्थिक वर्षको संशोधित विबरण प्रस्तुत गर्न चाहान्छु ।

गत आर्थिक वर्षमा चालु तर्फ सामाजिक सुरक्षा अनुदान सहित रु. ४ **करोड २२ लाख ५८ हजार ५ सय** र पुँजीगत तर्फ **रु ७ करोड ३ लाख ७४ हजार** गरी कुल रकम **रु. ११ करोड २६ लाख ३२ हजार ५ सय** बजेट विनियोजन गरिएकोमा यथार्थमा चालूमा सामाजिक सुरक्षा सहित **रु. ४ करोड १५ लाख ७९ हजार ८ सय** र पूँजीगतमा **रु. ३ करोड ६६ लाख ६४ हजार** र आन्तरिक आय एवं राजश्व बाडफाड तर्फ **१ करोड ७६ लाख ४१ हजार ३ सय ६ रुपैया ७७** पैसा तथा भुकम्प पिडित राहत **रकम ८ करोड २८ लाख** सहित कुल जम्मा रु. **१७ करोड ८६ लाख ८५ हजार १०६ रुपैया ७७ पैसा** आम्दानी गर्न सफल भएका छौं । सो पुँजिगत रकममध्ये लागतसहभागिता समेत जुटाई कुल **रु.३ करोड ९६ लाख ९ हजार ६ सय ८१** खर्च भई १०० प्रतिशत वित्तीय प्रगति हासिल भएको छ भने नगरपालिकाबाट स्वीकृत १७२ वटा आयोजनाहरु कार्यान्वयन भई सम्पन्न भएका छन् ।

त्यसै गरी चालु आर्थिक वर्षमा कार्यान्वयन हुने गरी स्वीकृत गरिएका १२७ वटा आयोजनाहरु मध्ये ९ वटा आयोजनाहरु सम्झौता भएर कार्यान्वयनको चरणमा रहेका र ४१ वटा आयोजनाहरुको उपभोक्ता समिति गठन भई सम्झौताको चरणमा रहेका छन् । नगरपालिकालाई शसर्तरुपमा प्राप्त बजेटलाई सफल कार्यान्वयन गर्दे गत आ.व मा. १ थान सक्सन भेइकल खरिद गरी संचालनमा ल्याइएको छ ।

**प्रमुख अतिति एवं उपस्थित सम्पूर्ण आदरणीय महानुभावहरू,**

अव म गत आ.व. ०७२ / ७३ मा संचालन गरिएका प्रमुख कार्यक्रमहरुको उपलब्धिका बारेमा जानकारी गराउन चाहन्छु ।

- नगर क्षेत्रको सरसफाई कार्यलाई प्रभावकारी बनाउन सक्सन भेइकल खरिद गरी संचालनमा ल्याइएको छ ।
- नगरपालिकाको दिर्घकालिन विकासका लागि नगरयातायात गुरु योजना तयार गरी कार्यन्वयनको चरणमा छ ।
- धादिङवेसी बजारक्षेत्रलाई व्यवस्थित एवं सुरक्षित बनाउन सडक पेटी निर्माण कार्यको थालनी गरिएको छ ।
- सडक चौडा पार्ने कार्यलाई निरन्तरता दिई नालादेखि नाला सम्म पिच गर्ने कार्यलाई अगाडी बढाइएको छ ।
- नगरपालिकाको दिर्घकालिन योजना तर्जुमा गरी पुर्वाधारको व्यवस्थित विकास गर्न नगर विकास गुरु योजनाको तर्जुमा सुरुवात गरिएको छ ।

- धादिङ वेसी बजार क्षेत्रमा बढ्दै गएको सवारी चापलाई मध्यनजर गरी ससाह ओढारे पुल तल्लो वेसी, धादिङ बाईपास सडक निर्माणको थालनी गरिएको छ ।
- नगरक्षेत्र भित्र भएका पर्यटकिय पुर्वाधारको विकास गर्न भ्यू टावर तथा होम स्टे संचालनको तयारी गरिएको छ ।
- नगरक्षेत्रको सरसफाई कार्यलाई प्रभावकारी र व्यवस्थित बनाउन स्रोत मै फोहोरको वर्गिकरण गर्ने कार्यको सुरुवात गरिएको छ ।
- सरसफाई कार्यमा निजी क्षेत्रको परिचालन गर्ने नीतिलाई निरन्तरता दिएको छ ।
- नगरपालिकाको आन्तरीक आयलाई भरपर्दो बनाउन स्वघोषणामा आधारित एकिकृत सम्पती कर प्रणालीको सुरुवात गरिएको छ ।
- व्यवसाय कर संकलनमा धादिङ उद्योग वाणिज्य संघ संग सहकार्यको थालनी भएको छ ।
- नगरक्षेत्रको मुख्य सडकहरु दैनिक सरसफाई गर्ने कार्यलाई थप प्रभावकारी बनाइएको छ ।
- नगरको सरसफाई एवं समुचित विकासका लागि नगरक्षेत्र भित्र क्रियाशिल संघ संस्था, टोल सुधार समितिहरुलाई परिचालन गर्ने नीति लिएको छ ।
- बजार क्षेत्रको सडकलाई उज्यालो पार्ने अभियान स्वरुप सौर्य सडक बत्ती जडानको कार्य अगाडी बढाइएको छ ।

**प्रमुख अतिति एवं उपस्थित सम्पूर्ण आदरणीय महानुभावहरू,**

अब म आगामि आर्थिक वर्षको बजेटका उद्देश्यहरुका बारेमा प्रकाश पार्न चाहन्छु ।

**आगामि आर्थिक वर्षको बजेटको बारेमा निम्न लिखित उद्देश्यहरु रहेका छन् ।**

१. बाह्रै महिना चल्ने गरी सडकको स्तरोन्नती एवं अन्य भौतिक पूर्वाधारको द्रुत विकासमा विशेष जोड दिने ।
२. नगरको पहिचान झल्किने गरी पर्यटकिय सम्भावनाको विकास गर्ने ।
३. नागरिकको आर्थिक एवं सामाजिक जीवनस्तरमा परिवर्तन ल्याउन रोजगारी अभिवृद्धि हुने क्षेत्रलाई उच्च प्राथमिकता दिने ।
४. महिला, जेष्ठ नागरिक, दलित, आदिवासी जनजाति, मुस्लिम, अपाङ्गता भएका वर्गको उत्थान र विकासमा जोड दिने ।
५. सामाजिक परिचालन द्वारा गरिवी न्यूनीकरणमा सहयोग पुऱ्याउने ।

**उपस्थित सम्पूर्ण आदरणीय महानुभावहरू,**

अब म आगामि आर्थिक वर्ष ०७४ / ७५ का लागि नीलकण्ठ नगरपालिका र सरोकारवाला सरकारी / गैर सरकारी संघ-संस्थाहरु,उपभोक्ता समिति बीचको समन्वय र सहकार्यमा सञ्चालन हुने मुख्य-मुख्य क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**महिला लक्षित**

१. विभिन्न लक्षित कार्यकमहरु संचालन गरी महिलाहरुको आर्थिक तथा सामाजिक जीवनस्तर उकास्न विशेष जोड दिइनेछ ।
२. योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन कार्यमा महिलाको सहभागितालाई सुनिश्चित गरिनेछ । महिलाको नेतृत्वमा गठन हुने उपभोक्ता समितिलाई प्राथमिकता दिइनेछ ।
३. महिलाहरुका लागि समन्वयात्मक रुपमा रोजगारी तथा स्वरोजगारी सृजना लागि आयमूलक, सीपमूलक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
४. महिला विकासका लागि लक्षित कार्यक्रम सञ्चालन गर्ने संस्थाहरुको सुदृढीकरण र क्षमता विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
५. जिल्ला जनस्वास्थ्य कार्यालय संगको समन्वय र सहकार्यमा महिलाहरुको प्रजनन् स्वास्थ्य सुरक्षाको लागि बर्थिङ सेन्टर निर्माण तथा त्यसको स्तरोन्नतिलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।

**बालबालिका**

१. बालबालिकाहरुको सुरक्षा सहभागिता र बाल अधिकारको संरक्षणको लागि नगरबाल संरक्षण समिति मार्फत विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

२. बालक्लब गठन तथा नगरबाल संजालको क्षमता अभिबृद्धि गरी योजना तर्जुमामा बालबालिकाको सहभागिता अभिबृद्धि गरिनेछ ।

३. विभिन्न किसिमले अपाङ्गतामा भएका बालबालिका तथा भुकम्प पीडित बालबालिकाहरुको क्षमता विकास तथा सिकाइमा टेवा पुऱ्याउन आवश्यक सहयोग सामाग्री वितरणको व्यवस्था मिलाइनेछ ।

४. बालबालिकाको शिक्षामा सुलभ पंहुच र शिक्षाको गुणस्तरमा अभिबृद्धिका लागि विद्यालयको भौतिक पूर्वाधार सुधार लगायत विपन्न,दलित जेहेन्दार विद्यार्थीका लागि शैक्षिक तथा खेलकूद सामाग्री तथा छात्रवृत्ति वितरण गरिनेछ ।

**ज्येष्ठ नागरिक, आदिवासी जनजाति, दलित, मुस्लिम, भिन्न क्षमता भएका व्यक्ति तथा पिछडावर्ग**

१. ज्येष्ठ नागरिकको लागि सामाजिक सुरक्षा भत्ता प्रदान, जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ । ज्येष्ठ नागरिकको लागि दिवा सेवा केन्द्र निर्माणमा सहयोग गरिनेछ ।

२. आदिवासी / जनजाति तथा मुस्लिम समुदायको भाषा, कला, संस्कृति, लिपि संरक्षण तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । साथै लक्षित कार्यक्रमको माध्यमबाट उनीहरुको आर्थिक, सामाजिक विकासमा विशेष ध्यान दिइनेछ ।

३. दलित वर्गको समग्र आर्थिक उन्नतिको लागि परम्परागत सीप र ज्ञानलाई व्यवसायीकरण गर्नको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. भिन्न क्षमता भएका व्यक्तिको सम्मान र जीवन निर्वाहका लागि सामाजिक सुरक्षा भत्ता प्रदान, बीउ पूंजी सहितका आयमूलक कार्यक्रम सञ्चालन गरी आत्मनिर्भरता तर्फ उन्मुख हुने वातावरणको सिर्जना गरिनेछ ।

**स्वास्थ्य/जनसंख्या/शिक्षा**

१. स्वास्थ्य क्षेत्रलाई अत्यावश्यक र आधारभूत क्षेत्रको रुपमा विकास गरी स्वास्थ्यलाई मौलिक अधिकारको रुपमा स्थापित गर्न स्वास्थ्यको पहुंच सर्वसाधरणमा सहज रुपमा पुऱ्याउने नीति अवलम्बन गरिनेछ ।

२. नगरस्वास्थ्य क्लिनिकहरुको स्थापना र भौतिक पुर्वाधारमा ध्यान दिइनेछ ।

३. स्वास्थ्य तथा उपस्वास्थ्य चौकीहरुको भौतिक पूर्वाधार विकास तथा स्तरवृद्धि गर्दै स्वास्थ्य संस्थाबाट प्रवाह गरिने सेवालाई समयानुकूल गुणस्तरीय बनाउन पहल गरिनेछ ।

४. शिक्षाक्षेत्रको विकासको लागि विद्यालयको भौतिक पूर्वाधार सुधार, खानेपानी, फर्निचर लगायत विपन्न जेहेन्दार विद्यार्थीहरुका लागि पोशाक, शैक्षिक तथा खेलकूद सामाग्री वितरणको कार्यक्रम सञ्चालन गरिनेछ ।

५. नगरको बेरोजगारी दर कम गर्न बाख्रापालन, मौरीपालन लगायतका कृषि कार्यक्रमलाई ब्यबसायिक रुपमा विकास गर्दै पर्यटन क्षेत्रको विकासलाई समेत टेवा पुऱ्याउने उदेश्यले आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

६. नगरक्षेत्र भित्र क्रियाशिल स्वंयमसेविकाहरुको क्षमता विकास गर्ने कार्यक्रमलाई अगाडी बढाइनेछ ।

**गैर सरकारी संस्था/उपभोक्ता समिति**

१. नगर विकासका साझेदारको रुपमा गैरसरकारी संस्थाहरुलाई लक्षित वर्ग सम्म पुग्ने गरी कार्यकम संचालन गर्न प्रोत्साहित गरिनेछ ।

२. नगरक्षेत्रमा कार्यरत रहेका गैर सरकारी संस्थाहरुबाट सञ्चालित कार्यक्रमहरुको अनुगमनका लागि विशेष व्यवस्था गरिनेछ ।

३. आयोजना सचालन सम्बन्धमा उपभोक्ता समितिलाई प्रशिक्षित गर्ने व्यवस्था मिलाइनेछ ।

४. समयमै र गुणस्तरीय रुपमा योजना सम्पन्न गर्ने उपभोक्ता समितिहरुलाई प्रोत्साहन दिने नीति लिईने छ ।

**युवा तथा खेलकुद**

१. युवा लक्षित स्वरोजगारमूलक, सीपमूलक र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. सरकारी तथा गैरसरकारी क्षेत्रको सहकार्य र साझेदारीमा नगरस्तरिय आवश्यकता अनुसार खेलकुद सामाग्री वितरण, प्रशिक्षण तथा प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गरी खेलकुद क्षेत्रको विकासमा थप टेवा पुऱ्याउने नीति लिइनेछ ।

**संस्कृति तथा पर्यटन**

१. पर्यटन क्षेत्रको पुर्वाधार निर्माण तथा पर्यटन प्रवर्द्धनका लागि ठोस कार्यक्रम तथा योजनाहरु पहिचान गरी कार्यन्वयनमा ल्याइनेछ ।

२. विभिन्न जातजातिहरुको धर्म, सँस्कृति भाषा, लिपि संरक्षण तथा प्रव र्द्ध न कार्यक्रम संचालन गरी नगरक्षेत्रको ऐतिहासिक, मौलिक परिचयलाई मजबुत बनाइनेछ ।

३. पर्यटकिय सम्भावना भएका नगरक्षेत्रका ऐतिहासिक तथा पुरातात्वीक स्थानहरुको पहिचान र विकासमा जोड दिइनेछ ।

**कृषि विकास**

१. गरिबी न्यूनीकरणको माध्यमको रुपमा पशुपालन, मौरी पालन, अदुवा खेती व्यवसायलाई प्रोत्साहन गरिने छ ।

२. कृषिको व्यवसायीकरण तथा बजारीकरणमा सहयोग पु ऱ्याउन कृषि सहकारी संस्थाहरु जिल्ला कृषि विकास कार्यालयसंगको साझेदारीमा विभिन्न कार्य संचालन गरिने छ ।

३. नगरक्षेत्रको सम्भावित स्थानहरुमा व्यवसायीक पशुपालन कार्यक्रम लाई जिल्ला पशु सेवा कार्यालयसंगको साझेदारीमा अगाडी बढाईनेछ ।

**वन, वातावरण तथा भू-संरक्षणं**

१. विकास योजना सञ्चालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ । साथै जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न सम्बन्धित निकायहरुको सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।

२. नगरक्षेत्रको वातावरण व्यवस्थापनको लागि स्थानीय स्तरमा जनचेतना अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गर्दै वातावरण संरक्षणमा स्थानीय जनताको सहभागितालाई सुनिश्चित गरिनेछ ।

३. नगरस्तरका हरेक कार्यक्रम तथा आयोजना सञ्चालन गर्दा वातावरण मैत्री बनाई नगरपालिकामा वातावरण मैत्री स्थानीय शासनको अवधारणालाई कार्यान्वयन तहमा उतार्ने प्रयास गरिनेछ ।

४. नगर क्षेत्रभित्र शहरी सुशासन कायम राख्न निर्माण सामाग्री सडकमा जथाभाबी थुपार्ने, पशुपंक्षी र घरपालुवा कुकुर छाडा छाड्ने तथा सडक आवागमनमा अबरोध पुग्नेगरी पसल राख्ने कार्यलाई निरुत्साहित गर्दै जाने नीतिलाई थप कडाईका साथ कार्यान्वयन गरिनेछ ।

५. नगरक्षेत्रका सार्वजनिक पर्ति जग्गा तथा सडक किनारामा बृक्षरोपण गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

६. सामुदायिक वन उपभोक्ता समितिहरुसंगको सहकार्यमा बृक्षारोपण तथा वन संरक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**सडक**

१. नगरस्तरिय यातायात गुरुयोजना (MTMP) ले तोकेका सडकहरुलाई स्तरोन्नती गर्ने कार्यलाई वार्षिक योजना तर्जुमा कार्यसंग आवद्ध गरिनेछ ।

२. नगरक्षेत्रमा प्राथमिकतामा परी विगतदेखि नै क्रमागत रुपमा सञ्चालन भइरहेका सडक आयोजनाहरुको मर्मत सम्भार तथा थप स्तरोन्निति गर्न बजेट विनियोजन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३. सञ्चालनमा रहेका सडक आयोजनाहरुको लागि नियमित मर्मत सम्भार गर्न मर्मत सम्भार कोष विनियमावली बमोजिम निश्चित प्रतिशत रकम कोषमा राख्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

४. नगरक्षेत्रका पक्की तथा ग्राभेल सडकहरुमा लागत साझेदारीका आधारमा पक्की नाला निर्माण तथा पिच गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**खानेपानी तथा सरसफाई**

१. खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गर्ने नीति अनुरुप यस नगरपालिकालाई पनि यथासिघ्र खुल्ला दिसामुक्त क्षेत्र बनाउने कार्यक्रमलाई घोषित प्रतिबद्धता अनुसार पूरा गर्न आवश्यक सहयोग र समन्वय गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२. नगरक्षेत्रका आम नागरिकहरुलाई स्वच्छ खानेपानी उपलब्धताको लागि निर्माणाधीन खानेपानी आयोजना सम्पन्न गरिनेछन् । साथै सञ्चालनमा रहेका आयोजनाको नियमित मर्मत सम्भारमा विशेष जोड दिइनेछ ।

३. नगरपालिकाको बजार क्षेत्रको फोहोरको दीर्घकालीन ब्यस्थापनका लागि उपयुक्त Landfield Site पहिचान तथा निर्माणको कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

### भूमी तथा जलश्रोत

१. नीलकण्ठ नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक पर्ति तथा सरकारी जग्गाहरुमा रहेको अतिक्रमणलाई निरुत्साहित गर्न तथा त्यस्ता जग्गाहरु नगरपालिकाको मातहतमा ल्याउने प्रक्रिया अघि वढाउन तथा सार्वजनिक, पर्ति तथा सरकारी जग्गाको संरक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

२. यसै आर्थिक वर्षदेखि नगरको मुख्य बजारक्षेत्रमा सडक बत्ति व्यवस्थापन गर्न सौर्य एवं विद्युत प्रविधि प्रयोग गरी सडक बत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

### प्रकोप व्यवस्थापन

१. प्राकृतिक प्रकोप व्यवस्थापनका लागि प्रकोप सम्बन्धी सूचना प्रवाह तथा सचेतनामूलक कार्यक्रमहरु लगायत प्रकोप क्षेत्रमा समयमै राहत उद्धारका कार्यक्रम सञ्चालन गरी स्थानीय सुरक्षालाई मजवुत बनाउने कार्यमा प्रभावकारी कदम चालिनेछ । यसका लागि स्थानीय दैवी प्रकोप उद्धार कोषमा आवश्यक रकमको व्यवस्था गरिनेछ ।

२. नगरक्षेत्रमा हुनसक्ने आगलागिलाई समयमै नियन्त्रण गर्न समुदायमा आधारित जनचेतनामूलक कार्यक्रम तथा दमकल सञ्चालन सम्बन्धी आधारभूत प्रशिक्षण दिई आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ ।

### संगठन तथा सुशासन

१. स्थानीय निकायका कर्मचारीहरुको क्षमता विकास तथा कार्यप्रति उत्प्रेरित गर्न आवश्यकतानुसार तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

२. विद्यमान सामाजिक सुरक्षा भत्ता वितरण प्रकृयालाई अझ बढी व्यवस्थित र सुलभ बनाइने छ । भत्ता प्राप्त गर्ने नागरिकहरुको नामावली नगरपालिकाको Website मा राख्ने व्यवस्था समेत मिलाइनेछ ।

३. स्थानीय तहमा सञ्चालित विभिन्न परियोजनालाई पारदर्शी, दिगो र व्यवस्थित बनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४. उच्चस्तरको कार्यसम्पादन रहेका कर्मचारीलाई प्रोत्साहनका लागि नगद पुरस्कार तथा सम्मानको व्यबस्थालाई निरन्तरता दिइनेछ ।

५. सामाजिक सुरक्षा भत्ता वितरण तथा पञ्जिकरण कार्यलाई व्यबस्थापन सूचना प्रणालीमा आबद्ध गरिनेछ ।

६. नगरक्षेत्रको दीगो तथा व्यबस्थित विकासको लागि २० वर्षे नगर विकास गुरुयोजना तथा ५ वर्षे आबधिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

### भुकम्प प्रभावित पुनः निर्माण कार्यक्रम

१. लाभग्राहीहरुको सम्झौता तथा किस्ता निकासा प्रकृयालाई थप व्यवस्थित बनाईनेछ ।

२. नक्सा पास प्रकृयालाई सरलीकृत गरी छरितो प्रकृया अबलम्बन गरिनेछ ।

३. राष्ट्रिय पुन निर्माण प्राधिकरणबाट स्वीकृत नक्सा डिजाइन बमोजिमका घर निर्माण गर्ने लाभग्राहीलाई नक्सा पास दस्तुरमा छुट दिने व्यवस्था गरिने छ ।

४. प्राविधिकहरुको परिचालन र प्राविधिक सल्लाह सुझावलाई व्यवस्थित बनाउन जिल्ला आयोजना कार्यन्वयन इकाई संग सहकार्य गरिनेछ ।

